# त्रिभुवन विश्वविद्यालय
# कानून संकाय, डीनको कार्यालय

२०७४/०१/२३

विषय : **नतिजा प्रकाशित गरिएको बारे ।**

यस संकायद्वारा मिति २०७४ साल वैशाख १६ गते सञ्चालित सेमेस्टर सिस्टमको एलएल.एम. प्रवेश परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुको लिखित प्रवेश परीक्षाको नतिजाको आधारमा त्रि.वि.को आंगिक क्याम्पस, नेपाल ल क्याम्पस, काठमाडौंको लागि ४ सेमेस्टर एलएल.एम. दिवा समूहको लागि ५० जना र ६ सेमेस्टर विहानी समुहको लागि ३५ जना तथा त्रि.वि. को सम्वन्धन प्राप्त क्याम्पस नेशनल ल कलेज, पुल्चोकको लागि ४ सेमेस्टर दिवा समुहको लागि ५० जना गरी जम्मा १३५ सिटका लागि मात्र योग्यताक्रम (Merit-List) मा रहेका परीक्षार्थीहरुको नतिजा प्रकाशित गरिएको छ ।

१) योग्यताक्रम (Merit List) मा रहेका परीक्षार्थीहरुले आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा अध्ययन गर्न चाहेको कार्यक्रममा सम्बन्धित क्याम्पसले भर्नाको लागि तोकेको मिति भित्र निवेदन दिनु पर्नेछ । सम्बन्धित क्याम्पसले भर्नाका लागि तोकेको मितिसम्म आवेदन दिने सम्पूर्ण आवेदकहरुको नामावली प्रकाशित गरी सोको जानकारी भर्ना अगाडि नै तत्काल कानुन संकाय, डीनको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२) सम्बन्धित क्याम्पसले भर्नाका लागि तोकेको मिति भित्र निवेदन दिएका र योग्यताक्रम (Merit List) मा रहेका विद्यार्थीहरुमध्ये ४ सेमेस्टर एल्एल्.एम. दिवा समुहका लागि ४० स्थानमा खुला र त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह सेमेस्टर व्यवस्थापन कार्यविधि, २०७० बमोजिमको कोटा १० गरी जम्मा ५० स्थान तथा विहानी समुह ६ सेमेस्टर एल्एल्.एम.कार्यक्रमा २८ स्थानमा खुला र त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह सेमेस्टर व्यवस्थापन कार्यविधि, २०७० बमोजिमको कोटा ७ स्थान गरी जम्मा ३५ स्थानमा मात्र भर्ना लिनुपर्नेछ । निम्नलिखित वर्गका लागि छुट्याईएको स्थानमा भर्ना लिंदा सम्वन्धित वर्गका परीक्षार्थीहरु वीचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रमानुसार मात्र भर्ना लिनुपर्नेछ ।

| **दिवा एल्एल्.एम्.(चार सेमेष्टर)** | | **बिहानी एल्एल्.एम्.(छ सेमेष्टर)** | |
|---|---|---|---|
| वर्गीकृत समूह | स्थान | वर्गीकृत समूह | स्थान |
| क) महिला | ३ (तीन) | क) महिला | २ (दुई) |
| ख) आदिवासी/जनजाति | ३ (तीन) | ख) आदिवासी/जनजाति | २ (दुई) |
| ग) मधेशी | २ (दुई) | ग) मधेशी | १ (एक) |
| घ) दलित | १ (एक) | घ) दलित | १ (एक) |
| ङ) अपाङ्ग, पिछडिएको क्षेत्र, जन आन्दोलन २०६२।०६३, माओवादी जनयुद्ध, मधेश आन्दोलनका घाइते र शहिद परिवार | १ (एक) | ङ) अपाङ्ग, पिछडिएको क्षेत्र, जन आन्दोलन २०६२।०६३, माओवादी जनयुद्ध, मधेश आन्दोलनका घाइते र शहिद परिवार | १ (एक) |
| **जम्मा** | **१० (दश)** | **जम्मा** | **७ (सात)** |

**नोटः** आदिवासी/जनजातिका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप टप टु बटमको आधारमा तथा मधेशीको हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ को अनुसूचीको वर्गीकरणमा परेका विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिई भर्ना लिनु पर्नेछ । अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र, जन आन्दोलन २०६२।०६३/माओवादी जनयुद्ध/मधेश आन्दोलनका घाइते र शहिद परिवार मध्ये उत्कृष्ट अंक ल्याउनेलाई भर्ना लिनु पर्ने छ साथै अपाङ्गता भएका व्यक्ति मध्ये छनौट गर्नु पर्दा निलो, पहेलो र सेतो परिचय पत्र अनुसार प्राथमिकताका आधारमा गर्नु पर्नेछ ।

३) तोकिएको मितिभित्र कुनै विद्यार्थी भर्ना नभई सिट खाली हुन आएमा योग्यताक्रममा रहेका विद्यार्थी मध्येबाट भर्ना लिनुपर्नेछ ।

४) भर्ना हुँदाका समयमा विद्यार्थीहरुले आफ्नो शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र र त्रि.वि. भन्दा बाहिरका शिक्षण संस्थाबाट आएका विद्यार्थीहरुले त्रि.वि.बाट मान्यता प्राप्त भएको समकक्षता (Equivalence) प्रमाणपत्र समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

५) भर्ना हुनका लागि पेश गरिएका प्रमाणपत्रहरु तथा सिफारिस पत्रहरु नक्कली भएको ठहरिएमा वा पेश गर्नुपर्ने प्रमाणपत्र पेश नभई भर्ना भएको पाइएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी खाली हुन आउने स्थानमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।

६) सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण अन्तिम भर्ना गरेको मितिले १५ दिनभित्र डीनको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

७) कुनै क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबिन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित भर्ना भए गरेको पुष्टि भएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाको लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क तुरुन्त सम्बन्धित क्याम्पसले फिर्ता गर्नु पर्नेछ ।

८) यो नतिजा शिक्षा मन्त्रालयबाट वितरण गरिने छात्रवृत्तिका प्रयोजनका लागि समेत लागू हुनेछ ।

९) यो नतिजामा कुनै प्राविधिक त्रुटि भएको कुराको ३ दिन भित्र निवेदन प्राप्त भएमा परीक्षा समितिको अभिलेख अनुसार सच्चाइनेछ ।

-------------------------

प्रा.डा. ताराप्रसाद सापकोटा
डीन